# जैवन्त जीवनका लागि तीन खुड्किलाहरु

फ्रियाङ्किलिनद्धरा टिप्पणी

प्रकाश १२ : १० र ११ तब मैले स्वर्गमा यसो भनिरहेको एउटा ठूलो आवाज सुनें, "अब हाम्रा परमेश्वरको मुक्ति, शक्ति, राज्य र उहाँका खीष्टको अधिकार आएको छ। किनकि हाम्रा भाइहरुलाई **दोष लगाउने**, जसले हाम्रा परमेश्वरको सामुन्ने तिनीहरुलाई दिनरात दोष लगाउँछ, त्यो **तल फ्याँकिएको छ**। तिनीहरुले (१)**थुमाको रगत** र (२)**आफ्ना गवाहीको वचनको** कारण **त्यसलाई जितेका छन्**, र (३) तिनीहरुले **मृत्युसम्मै पनि आफ्नो ज्यानको माया राखेनन्**।

आऊ यसलाई हामी यसरी पढ्औं :

अब **मुक्ति**, र **शक्ति**,र हाम्रो **परमेश्वरको राज्य** र उहाँको खीष्टको **शक्ति ममा आएको छ, मलाई** परमेश्वरको अघि दिन र रात **दोष लगाऊनेहरुलाई तल फालिएको छ**। र (१) **थुमाको रगतले** मैले **त्यसमाथि विजय प्रप्त** गरे र (२) **मेरो गवाहीको शव्दद्धारा,** र (३) **मैले मेरो जीवनलाई मृत्यसम्म पनि प्रेम गरिन**।

## १ थुमाको रगत

यो प्रभुको भाग हो

यहाँको अनुग्रहद्धारा हामीलाई उहाँले सितैमा दिनुभएको

मेरो आशा अरु कुरामा भन्दा येशूको रगतमा बनिएको छ र धार्मिकतामा। म आफ्नो बलमा वा मनमा विश्वास गर्न सक्दिन तर पुर्ण रुपमा येशूको नाममा मात्र भर पर्दछु।

## २ हाम्रो गवाहीको शव्दहरु

यो हाम्रो भाग हो

येशूको रगतले मेरो लागि के गर्नुभएको छ त्यस बारे बताउँदै

## ३ र मृत्युसम्म पनि उनीहरुले आफ्नो जीवनलाई प्रेम गरेनन्

यी तीन आवश्यक खुड्किलाहरु, जैवन्त जीवनमा पुऱ्याउँनेहरु हन्

## १ येशूको रगतले मैले . . .

- पापको क्षमा — हिब्रू ९:२६; १०:१७; भजनसंग्रह १०३:१२; प्रकाश १:५
- सबै पापबाट धोइएको — १ यूहन्ना १:७
- न्याय गरिएको — रोमी ३:२४; ५:९

- पवित्र बनाईएको रोमी १२:१; १ कोरिन्थी ३:१७; एफिसी १:४
- धर्मि ठहराईएको रोमी ५:१९ २ कोरिन्थी ५:२१
- पवित्र बनाईको हिब्रू १०:१०
- अनन्त जीवन यूहन्ना ३:१६
- पापको ज्याला माथि विजय भएको प्रकाश १२:११
- उहाँको रगतद्धारा किनिएको प्ररित २०:२८
- अनन्तको लागि उद्धार गरिएको हिब्रू ९:१२; १ पत्रुस १:१८-१९
- अनन्तको उत्तराधिकार हिब्रू ९: १५
- सफा अन्तस्करण हिब्रू ९:१४; १०:२२
- पवित्र स्थानमा प्रबेश गर्नका लागि निर्धक्क हुनु हिब्रू ४:१६; १०:१९
- म निको परिएको छु यशैया ५३:५
- मेरो आत्माको लागि ठिक छ यशैया ५३:५
- मेरो लागि सबै कुरा राम्रो नै हुनेछ यशैया ३:१० रोमी ८:२८
- मेरो जवानी चिलको जस्तै गरी नयाँ हुनेछ भजनसंग्रह १०३:५
- उहाँका व्यवस्थाहरु मेरो हृदय र मनमा छन्हिब्रू १०:१६
- प्रभुको उपस्थितिमा छ र उहाँले मलाई सुरक्षा दिनुहुन्छ व्यवस्था १२:२३
- म उहाँसँग करारमा छु प्रेरित २२:२०

## २ मेरो गवाईका शव्दहरु

यो मेरो भाग हो : येशूको रगतले मेरो लागि के गरेको छ र के गर्ने छ त्यसको **घोषण गर्दै** जाने । विजयको पुर्ण आनन्दको आषिसलाई अभिनय गर्न, अनुभव गर्न र मनाउन यो एकदमै आवश्य छ ।

धेरै पदहरु छन् जसले **परमेश्वरको वचन बोल्नुको** शक्तिलाई घोषणा गर्दछ ।

- ❖ सबै कुराहरु उहाँको वचनद्धारा सृष्टि भएको थियो : उत्पत्ति १
  परमेश्वरले भन्नुभयो, . . . होस् र त्यो भयो . . .
- ❖ यूहन्ना १:१–४ आदिमा **वचन** हुनुहुन्थ्यो, **वचन** परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो । . . . **सबै थोक उहाँद्धारा बनिए**, र बनिएको कुनै पनि थोक पनि उहाँविना बनिएन ।
- ❖ भजनसंग्रह २९ : ४ **परमप्रभुको वाणी शक्तिशाली** छ ।

❖ यशैया ५५:११ त्यसरी नै मेरो मुखबाट निस्कने **मेरो वचन** पनि हुनेछ। त्यो मकहाँ व्यर्थै फर्कने**छैन**, तर मैले इच्छा गरेको काम त्यसले **पूरा गर्नेछ**, र जुन कामको निम्ति म त्यसलाई पठाउँछु, त्यसमा त्यो **सफल** हुनेछ।

❖ हिब्रू ४:१२ **परमेश्वरको वचन जीवित** छ (यो जीवित छ) र **क्रियाशील** हुन्छ (यसले सिर्जना गर्ने र परिवर्तन गर्ने काम गर्छ) र कुनै पनि दुईधारे **तरवार**भन्दा बढी **धारिलो** हुन्छ। यसले प्राण र आत्मालाई त्यसका जोर्नी जोर्नी र हाडको गुदीसम्मलाई भाग भाग पारुञ्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ । यसले हाम्रो जीवनमा ठूलो काम गर्छ ।

❖ उदाहरणका लागि : एफिसी ५:२६ पानीले **धोएर वचनद्धारा पवित्र** पार्न सकून्।

❖ यर्मिया २३:२९ के मेरो वचन आगोजस्तै छैन र ? (आगोले शुद्धिकरण र सफा गर्ने काम गर्छ)
चट्टानलाई चूरचूर पार्ने के त्यो एउटा ठूलो घन झैं छैन र ? परमप्रभु भन्नुहुन्छ। यसैले म जस्तो कठोरको लागि आशा छ।

प्रभुले हामीलाई अधिकार पनि दिनुभएको छ र हामीले उहाँको वचन बोल्नु र घोषणा गर्नुको महत्व र आवश्यता व्यक्त गर्नुभएको छ।

❖ एफिसी ६:१०-१७ अब अन्त्यमा, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ। दियाबलसका युक्तिहरुका विरुद्धमा **खडा** हुन सक्नलाई **परमेश्वरका सारा हातहतियार** धारण गर। किनकि हामीहरुको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरुका विरुद्ध, शक्तिहरुका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरुका विरुद्ध र स्वर्गीय स्थानहरुमा भएका दुष्ट्याइँका आत्मिक सेनाहरुका विरुद्ध हो। . . . यसकारण आफ्ना कम्मरमा **सत्यले** कसेर, **धार्मिकताको** छातीपाता लाएर **खडा** होओ, र खुट्टामा मिलापको **सुसमाचारको** जुत्ता लाएर तयार होओ। साथै **विश्वासको ढाल** उठाओ, जसबाट तिमीहरु दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौं। **मुक्तिको** टोप लगाओ, र **पवित्र आत्माको तरवार** लेओ, जोचाहिँ **परमेवरको वचन हो**।

❖ अययूब २२:२८ तपाईले जे **निर्णय** लिनुहुनेछ, **त्यो पूरा हुनेछ**।

❖ र तिम्रो जीवनमा भएका पहाडहरुका लागि : मर्कूस ११:२२-२३

येशूले तिनीहरुलाई जवाफ दिएर भन्नुभयो, परमेश्वरमा विश्वास राख। साँच्चै म तिमीहरुलाई भन्दछु, यदि कसैले आफ्नो हृदयमा शङ्का गर्दैन तर आफूले **भनेका** कुरा पुरा

हुन्छ भनी विश्वास गरेर यस पहाडलाई उखेलिएर तँ समुद्रमा खस् **भन्यो** भने, **त्यसको निम्ति त्यस्तै हुनेछ** ।

र अझैं धेरै खुशीका खबरहरु छन् - उहाँका वचनले हाम्रो मनलाई नयाँ बनाउँन सक्छ । सुन्दर ! अति उत्तम ! यो अत्यन्त आवश्यक छैन त ?

- ❖ रोमी १२ : २ यस संसारको ढाँचामा नचल, तर आफ्नो **मनमा नयाँ भई** पुर्ण रुपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरुले जाँच्न सक ।

हामी फेरि जन्मन भन्दा अघि हामीलाई राम्रोसँग **तालिम** दिइएको र **विद्यालय पठाइएको** थियो, यस संसारका लागि र **यस संसारका मार्गहरुका लागि निश्चित गरिएको** थियो ।

हाम्रो मनहरु र हाम्रो सोच्ने तरीकाहरु परिवर्तन हुन **महत्वपुर्ण** छ र येशू जस्तै सत्यता अनुसार, सोच्न, कार्य गर्न र प्रतिकृया दिनेमा नविकरण भएको हुनुपर्छ ।

**"हाम्रो मनको नविकरण" सजिलो छैन** । यो अत्यन्तै गाह्रो छ र यसमा समर्पन्ता साथको प्रयास र इच्छा चाहिन्छ ।

यो परमेश्वरको वचनलाई **जानेर** र **कण्ठ गरेर** सुरुहुन्छ । ती साना बालबालिकाहरु जो इसाही घरमा हुर्केका हुन्छन् र घरमा नै विद्यालयको शिक्षा पाएका हुन्छन् उनीहरुलाई ठूलो फाइदा छ ।

एक महत्वपुर्ण कदम चाहिँ जसै पावलले तलका पदमा भनेका छन् :

- ❖ फिलिप्पी ३:१३-१४ भाई हो, मैले यी सब पक्रिसकेको छु भनी म ठान्दिनँ, तर म एउटा काम गर्दछु, कि **पछाडिका कुराहरुतिर जोड**सँग लम्कँदै खीष्ट येशूमा परमेश्वरको स्वर्गीय बौलावटमा पाइने पुरस्कारको निम्ति निशानतिर म **जोडसँग अगि बढ्दछु** ।

हरेक दिन प्रभुलाई तिम्रो मनमा भएका फोहोर कुरालाई बिर्सनका लागि तिमीलाई सहयोग गर्न भन । जब त्यो माथि आउँछ, त्यसमा झुम्मीनका लागि इन्कार गर । त्यतिबेला नै तिमीले कण्ठ गरेको पदलाई भन्न थाल ।

जसै पावलले भने :

अन्त्यमा भाइ हो, जे कुरो सत्य छ, जे करो आदरणीय छ, जे कुरो न्यायसङ्गत छ, जे कुरो शुद्ध छ, जे कुरो प्रेम योग्य छ, जे कुरो कृपामय छ, यदि कोही श्रेष्ठता, प्रशंसाको योग्य केही छ भने **यी नै कुराका विचार गर** । फिलिप्पी ४:८

हाम्रो मनको नविकरण हुनसक्छ ! प्रभुले भन्नुभए झैं :

२ कोरिन्थी ५:१७ यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो । **पुरानो बितिगएको छ**, हेर, **नयाँ आएको छ** ।

प्रकाश २१:५ सिंहासनमा विराजमान हुनुहुनेले मलाई भन्नुभयो, हेर, **म सबै कुरा नयाँ तुल्याउँछु** । उहाँले यसो पनि भन्नुभयो, यो लेख, यी कुराहरु भरपर्दा र सत्य छन् ।

## प्रभु येशू तपाईलाई धन्यवाद !

## मेरो मनको नविकरण हुँदैछ !

र

### "म जो हुँ म त्यही हुँ"

तर **म जो छु**, त्यो परमेश्वरको अनुग्रहले छु, र ममाथि भएको उहाँको अनुग्रह **व्यर्थ भएन** । बरु मैले त तिनीहरु सबैले भन्दा **बढी परिश्रम** गरे । तैपनि मैले होइनँ, मसँग भएका परमेश्वरको अनुग्रहले हो ।

र येशू ख्रीष्टको रगत । १ कोरिन्थी १५:१०

- म को हुँ भन्ने बारे घोषण गर्नुका लागि **मैले श्रम** गरे निश्चित रुपमा नै मैले यसमा काम गर्नुपर्छ । र मैले विश्वास नगरेसम्म घोषण गर्दैरहे !
- म को हुँ र मेरा पितले म को हुँ भन्नुहुन्छ र म प्रतिको उहाँको अनुग्रह **खेरा जन्दैन**/अनुपयुक्त हुदैन ।

## म को हुँ भन्ने बारे म घोषण गर्नेछु !

## र यो निर्माण हुनेछ !

- म परमेश्वरको सन्तान हुँ र उहाँ मेरो पिता हुनुहुन्छ । — १ यूहन्ना ३:१-२
- म परमेश्वरद्वारा चुनिएको हुँ — एफिसी १:४
- म फेरि जन्मिएको हुँ — १ पत्रुस १:३ र २३
- म परमेश्वरको मन्दिर हुँ — १ कोरिन्थी ३:१६
- म पवित्र आत्माको भाँडो हुँ — १ कोरिन्थी ६:१९-२०
- म एकदमै मुल्यवान, एकदमै विशेष, येशूको रगतद्वारा उद्धार गरिएको हुँ । — १ पत्रुस १:१८
- म येशू ख्रीष्टको राजकिय पुजाहारी हुँ — १ पत्रुस २:१९
- म नयाँ सृष्टि हुँ — २ कोरिन्थी ५:१७

- म धर्मि र पवित्र छु — एफिसी ४:२४
- म सन्त हुँ — १ कोरिन्थी १:२; एफिसी १:१; फिलिप्पी १:१; कलस्सी १:२
- म खीष्टसँगको साझा उत्तराधिकारी हुँ — रोमी ८:१७
- म येशू खीष्टको सेवक हुँ — २ कोरिन्थी ५:१८
- म खीष्टको लागि बोल्ने अधिकार सहित उहाँको राजदूत हुँ। २ कोरिन्थी ५:२०
- म पृथ्वीको नुन हुँ — मत्ती ५:१३
- म संसारको ज्योति हुँ — मत्ती ५:१४
- म एक विदेशी हुँ र यस संसारको लागि अपरिचित छु — १ पत्रुस २:११
- मेरो नागरिकता स्वर्गमा छ — फिलिप्पी ३:२०
- म उहाँको उत्कृष्ठताको घोषणा गर्ने व्यक्ति हुँ — १ पत्रुस २:९

म यो (माथिबाटको) नै हुँ।

र यी सबै

येशू खीष्टको रगतद्वारा र त्यसैको कारणले हुन आए

> तर म जो छु, त्यो परमेश्वरको अनुग्रहले छु, र ममाथि भएको उहाँको अनुग्रह **व्यर्थ भएन**। बरु मैले त तिनीहरु सबैले भन्दा **बढी परिश्रम** गरे। तैपनि मैले होइनँ, मसँग भएका परमेश्वरको अनुग्रहले हो। १ कोरिन्थी १५:१०

थुमाको रगतद्वारा म "विजय पाउँने व्यक्ति" हुँ र मेरा गवाहीका शव्दहरु।

- **हामी जान्दछौं,** हामी परमेश्वरका हौं, र सारा संसार त्यस दुष्टको अधीनमा परेको छ। १ यूहन्ना ५:१९
- किनकि परमेश्वरबाट जन्मेको **हरेकले संसारमाथि विजय प्राप्त गर्छ**, र संसारलाई **जित्ने विजय हाम्रो विश्वास** हो। १ यूहन्ना ५:४
- संसारलाई वा संसारमा भएका **कुनै पनि थोकलाई** प्रेम नगर। यदि कुनै मानिसले **संसारलाई** प्रेम गर्दछ भने पिताको प्रेम त्यसमा हुँदैन। १ यूहन्ना २:१५
- म ती संसारकाहरु जस्तै व्यर्थ सोच **अनुसार चल्दिन र चल्ने छैन**।

एफिसी ४:१७-२० अब म यो जोड दिएर प्रभुमा भन्दछु र प्रभुमा गवाही दिँदछु, कि अन्यजातिहरु जसरी तिनीहरुका **विचारको व्यर्थतामा** जिउँदछन् त्यसरी तिमीहरु अबदेखि **उसो नजिओ**। तिनीहरुका हृदयको कठोरताले ल्याएको तिनीहरुका अज्ञानताको कारणले तिनीहरु परमेश्वरको जीवनदेखि बिराना भएका छन्, र तिनीहरुको **समझ अन्धकारले भरिएको छ**। तिनीहरु कठोर भएका छन्, र **हरकिसिमका अशुद्ध** काम गर्दै लालचमा परेर तिनीहरु छाडा भएका छन्। तर **खीष्टलाई त तिमीहरुले यसरी जानेका छैनौ**।

- यशैया ५४:१७ तेरो विरुद्धमा बनाइएको **जुनसुकै हतियारले** पनि तँलाई **जित्न सक्नेछैन**, र तँलाई दोषी ठहराउने हरेक जिब्रोलाई तैंले नै दोषी ठहराउनेछस् । यो चाहिँ परमप्रभुका दासहरुको पैतृक सम्पत्तिको हक हो, र मबाट तिनीहरुको दोष रहितको प्रमाण यही हो, परमप्रभु घोषण गर्नुहुन्छ ।
- **तिमीहरु बलिया छौ**, र परमेश्वरको वचन तिमीहरुमा रहन्छ, र **तिमीहरुले त्यस दुष्टलाई जितेका छौ** । १ यूहन्ना २:१४

मेरा जीवनका "कडेमानहरु" माथि विजय पाउँन,

मेरो जीवन गवाही दाऊदका जीवन गवाही हुन् ।

र म ती बडेमानहरुलाई भन्छु :

दाऊदले जवाफ दिए, तँ त मसँग लड्न तरवार, भाला र बर्छा लिएर आएको छस्, तर म तँसँग लड्न तैले विरोध गरेको इस्राएलका फौजहरुका परमेश्वर, सर्वशक्तिमान् **परमप्रभुको नाउँमा** आएको छु । **आजको दिन परमप्रभुले तँलाई मेरो हातमा सुम्पिदिनुहुनेछ,** र म तँलाई मारेर तेरो टाउको काट्नेछु । १ शामुएल १७:४५-४८

- र दियाबलसलाई मौका नदेओ । एफिसी ४:२२-२७
- शान्तिमा परमेश्वरले चाँडै नै शैतानलाई तिमीहरुका खुट्टामुनि कल्चनुहुनेछ । रोमी १६:१९
- दियाबलसका युक्तिहरुका विरुद्धमा खडे हुन सक्नलाई परमेश्वरका सारे हातहतियार धारण गर । एफिसी ६:११
- यदि तिमीले सर्वोच्च प्रभुलाई आफ्नो वासस्थान बनायौ भने परमप्रभुलाई जो मेरो शरणस्थान हुनुहुन्छ **तिम्रो कुनै अनिष्ट हुनेछैन**, तिम्रो घरको नजिक **कुनै विपत्ति आउनेछैन** । किनकि उहाँले आफ्ना स्वर्गदूतहरुलाई, तिम्रा सबै मार्गमा रक्षा गर्नलाई आज्ञा दिनुहुनेछ । भजनसंग्रह ९१:९-११

परमेश्वरको अनुग्रहद्धारा र येशू ख्रीष्टको रगतद्धारा

## त्यसैले, म किन ?

- म किन भनु "म सक्दिन" ? जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु । फिलिप्पी ४:१३
- म किन चिन्तित हुने ? मेरो परमेश्वरको आफ्नो महिमामा उहाँको सम्पति अनुसार तिमीहरुको **हरेक खाँचो** ख्रीष्ट येशूमा **पूरा गरिदिनुहुनेछ** । फिलिप्पी ४:१९

- म किन डराउँने ? परमप्रभु मेरो ज्योति र मेरो मुक्ति हुनुहुन्छ, मैले कसको भय मान्नु ? परमप्रभु नै मेरो जीवनको किल्ला हुनुहुन्छ, कोसँग म भयभीत हुनु ? भजनसंग्रह २७:१ किनभने परमेश्वरले हामीलाई डरको आत्मा होइन। तर शक्ति, प्रेम र आत्मासंयमको आत्मा दिनुभएको छ । २ तिमोथी १:७
- म किन प्रयाश नगरु त ? करार भङ्ग गर्नेहरुलाई त्यसले झूटो प्रशंसा गरेर भ्रष्ट पार्नेछ, तर आफ्ना परमेश्वरलाई चिन्नेहरुले दृढतासाथ त्यसको विरोध गर्नेछन् । दानिएल ११:३२
- म किन हारलाई स्वीकार गरुँ ? तर परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू खीष्टद्वारा **विजय** दिनुहुन्छ । १ कोरिन्थी १५:५७
- ममा किन बुद्धिको कमि हुने ? तर यदि तिमीहरुमध्ये कसैलाई बुद्धिको अभाव छ भने उदार चित्तसँग नझर्की दिनुहुने परमेश्वलाई त्यसले मागोस्, र त्यसलाई त्यो दिइनेछ । याकूब १:५
- म किन उदास हुने ? म निरन्तर तिनलाई सम्झिरहन्छु, र मेरो प्राण म भित्र हताश भएको छ । तर म यो स्मरण गर्दछु, यसैले मलाई आशा दिन्छ । विलाप ३:२०-२६
- म किन चिन्ता गरेर उदास हुने ? तिमीहरुका सारा फिकी उहाँलाई सुम्पिदेओ, किनकि उहाँले तिमीहरुको वास्ता गर्नुहुन्छ । १ पत्रुस ५:७
  फिलिप्पी ४:६-७ **कुनै कुरामा चिन्तित नहोओ,** तर हरेक कुरामा **प्रार्थना** र निवेदनद्वारा धन्यवादसहित तिमीहरुका बिन्ती परमेश्वरमा जाहेर होऊन्, र समझले नै भियाउन नसकिने **परमेश्वरको शान्तिले तिमीहरुका मनलाई** येशूमा **रक्षा गर्नेछ** ।
- म किन न्याय गरिएको अनुभव गरुँ ? यसकारण अब खीष्ट येशूमा भएकाहरुलाई दण्डको आज्ञा छैन । रोमी ८:१
- म किन एक्लो महसुस गरुँ ? मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छु । मत्ती २८:२० म तिमीहरुलाई छोड्नेछैन, म तिमीहरुलाई त्याग्नेछैन । हिब्रू १३:५
- म किन मुल्यहिन महसुस गरुँ ? तिमीहरु जान्दछौ, कि आफ्ना पिता पुर्खाबाट आएका व्यर्थका कुराहरुदेखि, सुन वा चाँदी जस्ता नाश हुने थोकहरुद्वारा दाम तिरी तिमीहरु छुट्याइएका होइनौ, तर निष्खोट र निष्कलङ्क थुमाको जस्तो **खीष्टको अनमोल रगत**द्वारा दाम तिरी छुट्याउइएका छौ । १ पत्रुस १: १८-१९
- म किन अरुहरुको बीचमा डरलाग्दो बनुँ ? होइन, यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारे हामी विजेताहरुभन्दा पनि अझ बढी छौं । रोमी ८:३७
- म किन असफल व्यक्ति जस्तै महसुस गरुँ ? यदि परमेश्वर हामीतर्फ हुनुहुन्छ भने, हाम्रो विरुद्ध को हुन्छ ? रोमी ८:३१
- म किन संसारका राजनितिहरुले र अन्य समस्याहरुले मलाई चिन्ति बनाउँन दिऊँ ? मैले तिमीहरुलाई यी कुरा यस हेतुले भनेको छु, कि ममा तिमीहरुलाई शान्ति होस् । संसारमा तिमीहरुलाई सङ्कष्ट हुनेछ, तर साहस गर, मैलै संसारलाई जितेको छु । यूहन्ना १६:३३

## ३. मैले मेरो जीवनलाई मृत्युसम्म पनि प्रेम गरिन

यदि हामी पुर्ण अशिषित जीवनको मजा लिने हो भने यो कदम एकदमै आवश्यक छ । यसले मेरो जीवनमा ईश्वरीय परिबर्तलाई शक्तिशाली बनाउँछ त्यस पछि त्यसले अरुहरुलाई परिवर्तन गर्छ । थोरै, एकदमै थोरै विश्वासीहरुले कहिलेकाहीँको छोटो क्षणका लागि भन्दा यस तथमा सधैँको लागि आफ्नो जीवन ज्यूँछन् ।

सत्य यो हो कि : गलाती २:२० **म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु**, अब **उप्रान्त जिउने म** होइन, तर **ख्रीष्ट ममा जिउनुहुनुन्छ । जुन जीवन शरीरमा म अहिले जिउँछु**, यो परमेश्वरका पुत्रमा **विश्वास गरेर जिउँछु**, जसले **मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो** ।

येशूले यसरी भन्नुभयो : लूका ९:२३-२४ तब उहाँले सबैलाई भन्नुभयो, कोही मपछि आउने इच्छा गर्छ भने त्यसले **आफूलाई इन्कार गरोस्,** र **दिनहुँ आफ्नो क्रूस बोकेर मेरो पछि लागोस्** । किनकि जसले आफ्नो प्राण बचाउने इच्छा गर्छ, त्यसले त्यो गुमाउनेछ । तर जसले मेरो खातिर आफ्नो प्राण गुमाउँछ, त्यसले त्यो बचाउनेछ ।

पावलले यसलाई यसरी प्रस्तुत गरे : र यो हामीले गर्नै पर्छ !

एफिसी ४:१७-२४ अब म यो जोड दिएर प्रभुमा भन्दछु र प्रभुमा गवाही दिँदछु कि अन्यजातिहरु जसरी तिनीहरुका विचारको व्यर्थतामा जिउँदछन् त्यसरी तिमीहरु अबदेखि उसो नजिओ । तिनीहरुका हृदयको कठोरताले ल्याएको तिनीहरुका अज्ञानताको कारणले तिनीहरु परमेश्वरको जीवनदेखि बिराना भएका छन्, र तिनीहरुको समझ अन्धकारले भरिएको छ । तिनीहरु कठोर भएका छन्, र हरकिसिमका अशुद्ध काम गर्ने लालचमा परेर तिनीहर छाडा भएका छन् । तर ख्रीष्टलाई त तिमीहरुले यसरी जानेका छैनौ । येशूमा भएको सत्यताअनुसार उहाँको विषयमा तिमीहरुले सुनेका र सिकाइएका छौ भनी म ठान्छु । छली लालसाहरुद्धारा भ्रष्ट भएका तिमीहरुका अगाडिको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरुको पुरानो स्वभाव त्याग । र आफ्नो भित्री वर्तावमा नयाँ होओ, र परमेश्वरको स्वरुपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर ।

पावलले यस्तो जीवनका फाइदाहरुलाई रोमी ६:४ मा बनाएका छन्

यसकारण बप्तिस्माद्धारा (राखे) हामी मृत्युमा उहाँसँगै गाडियौ, ताकि जसरी पिताको महिमाद्धारा ख्रीष्ट मरेकाहरुबाट जीवित पारिनुभयो, **त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिडौं** । रोमी ६:४

यो खुशीको खबर हो ! हाम्रो **मनमात्र नयाँ** हुने होइन तर **हामी नयाँपनको जीवनमा पनि हिड्न सक्छौं ।**

परमेश्वर हाम्रा पिताले र उहाँका पुत्र येशू ख्रीष्टले हाम्रो लागि उहाँको मृत्यु, गडिएर र पुनरुत्थानद्धारा के गर्नुभएको छ त्यसबारे थाहा गरेको, बुझेको र कदर गरेको तहद्धारा के हामी **आफ्नो क्रूस बोक्न इच्छुक हुनेछौं -आफैमा मृत्यु ल्याएर - र सत्यतामा हाम्रा प्रभुलाई पछ्याएर ।**

भनिए जसै : हिब्रू १२:१४ सबै मानिसहरुसँग शान्तिमा बस्ने र पवित्र हुने प्रयत्न गर, पवित्रताविना कुनै मानिसले **परमप्रभुलाई देख्न सक्दैन** ।

येशूले यसरी प्रस्तुत गर्नुभयो : यूहन्ना १२:२४

**साँच्चै**, म तिमीहरुलाई भन्दछु, गहूँको दाना माटोमा परेर **मरेन** भने त्यो **एउटै** रहन्छ । तर **त्यो मऱ्यो भने त्यसले धेरै फल फलाउँछ** ।

- ❖ यी केही मध्य एक बन । अचम्मको, पवित्र आत्माले भरिएको, आशिषित र अलौकिक जीवनका लागि यी तीन खुडुकिलाहरुलाई पछ्याऊ ।

येशूको रगतमा र उहाँको धार्मिकतामा मात्र मेरो आशा निर्माण भएको छ । म मेरो बल वा बुद्धिमा विश्वास गर्न आँट गर्न सक्दिन तर पुर्णरुपमा येशूको नाऊमा मात्र म भर पर्दछु ।

परिशिष्ट :

विचारहरु - शव्दहरु- विश्वासहरु - कार्यहरु- बानीहरु- चरित्रहरु - गन्तव्य

तिम्रो **सोच्ने** तरीकाले तिमीले के **बोल्छौ** भनेर तिम्रा **शव्दहरुको** निर्धारण गर्छ । यी कुराहरुले तिमीले के **विश्वास** गर्छौ त्यसलाई विकाश गर्छ जसले तिमीले के गर्ने हो त्यसको निर्धारण गर्छ, तिम्रो **कार्यहरु** जुन **बानी** बन्नेछन् जसले तिम्रो **चरित्रलाई** विकाश गर्छ यसले तिम्रो **गन्तव्यलाई** मार्गदर्शन गर्छ ।

यो ढाँचा कि त “**संसारको तरीका**” अनुसार वा **“प्रभुको तरीका”** अनुसार पछयाइन्छ ।

येशूले भन्नुभयो : म सत्य बोल्छु यूहन्ना ८:४५ म सत्य हुँ यूहन्ना १४:६

शैतानको बारेमा येशूले भन्नुभयो : यूहन्ना ८:४४–४५ तिमीहरु आफ्नो पिता दियाबलसका हौ, र तिमीहरुका पिताको इच्छा पूरा गर्ने तिमीहरुको सङ्कल्प छ । त्यो त सुरुदेखि नै हत्यारा थियो, र **सत्यसँग त्यसलाई केही वास्ता छैन** । किनभने **त्यसमा केही सत्य छैन** । जब **त्यसले झूट बोल्दछ, त्यो आफ्नै स्वभाव(चरित्र) अनुसार बोल्दछ, किनभने त्यो झूटो हो र झूटको पिता हो** । र : पुरा संसार शैतानको अधिनमा छ ।

र **सारा संसार त्यस दुष्टको अधीनमा परेको छ** । १ यूहन्ना ५:१९

हामीहरु फेरि जन्मनु भन्दा **अघिको बारेमा भन्दा खेरि** :

तिमीहरु आफ्ना अपराध र पापहरुद्धारा मरेको बेलामा उहाँले तिमीहरुलाई जीवित पार्नुभयो । यिनैमा यस संसारको रीतिअनुसार र आकाशको शक्तिको मालिकअनुसार, अनाज्ञकारिताका सन्तानमा अहिले

काम गर्ने आत्माअनुसार तिमीहरु अघि एक पल्ट चल्दैथियौ । तिनीमध्ये (हामी उनीहरु“का” थिएनौ) हामी सबै पनि शरीर र मनका इच्छा पूरा गरेर आफ्नो पापमय स्वभावका लालसामा अघि जिउँथ्यौ, र बाँकी मानिसजस्तै हामी स्वभावैले (हामीले प्रतिकृया देखाएको तरीका) क्रोधका सन्तान थियौ । तर परमेश्वर, जो कृपामा धनी हुनुहुन्छ, उहाँले आफ्नो महान् प्रेमद्धारा हामीलाई प्रेम गर्नुभयो, एफिसी २:१–४

तर हामी फेरि जन्मिए पछि यो **अनिवार्य** छ कि हामी : **यस संसारको ढाँचामा नचल**, तर **आफ्नो मनमा नयाँ भई** पूर्ण रुपले **परिवर्तित होओ**, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरुले जाँच्न सक । रोमी १२:२

दुष्ट हामीहरुको मनलाई नियन्त्रण गर्नका लागि **कडा लडाई** गर्दैछ । यसै कारणले गर्दा नै “दुष्ट, झुटुवा”ले हाम्रो सरकारबाट, हाम्रो विद्यालयबाट र हाम्रा मनबाट परमेश्वरको वचन निकाल्नका लागि कडा परिश्रम गरेको छ ।

२ कोरिन्थी ६:१७ **यसकारण तिनीहरुका बीचबाट निस्केर आओ**, र तिनीहरुबाट तिमीहरु अलग होओ, परमप्रभु भन्नुहुन्छ । अशुद्ध कुरा केही नछोओ, र म तिमीहरुलाई ग्रहण गर्नेछु ।

१ यूहन्ना २:१५–१७ **संसारलाई वा संसारमा भएका कुनै पनि थोकलाई प्रेम नगर ।**

याकूब १:२७ ले भन्छ कि पवित्र र दोस रहित जीवनका लागि हामीले “आफूलाई संसारबाट निष्कलङ्क राख्नु ।” र (४:४) **संसारसँगको मित्रता परमेश्वरसँगको शत्रुता हो ।**

२ पत्रुस १:४ यसैद्धारा उहाँले हामीलाई उहाँको अनमोल र महान् प्रतिज्ञाहरु दिनुभएको छ, कि यस संसारका कुइच्छाबाट आउने भ्रष्टताबाट उम्केर तिमीहरु ईश्वरीय स्वभावका सहभागी होओ । हामीलाई चाहिने यो नै हो र यसको लागि नै कार्य गर्नुपर्छ ।

हामीहरुले हाम्रो मनलाई परमेश्वरको वचनले नविकरण गर्नुपर्छ, अनमोल र महान् प्रतिज्ञाहरु दिनुभएको छ, कि यस संसारका कुइच्छाबाट आउने भ्रष्टताबाट उम्केर तिमीहरु ईश्वरीय स्वभावका सहभागी होओ ।

प्रगति :

१. विचारहरु – परमेश्वरका आज्ञाको विरुद्धमा खडा हुने बहसहरु र हरेक अहङ्कारपूर्ण बाधालाई हामी **नाश** गर्छौं, र **हरेक विचारलाई ख्रीष्टको आज्ञापालन गर्नलाई वशमा पार्छौं** । तिमीहरुको आज्ञाकारिता पूरा भएपछि हरेक अनाज्ञाकारितालाई दण्ड दिन हामी तयार बस्नेछौं । २ कोरिन्थी १०:५–६

हितोपदेश २३:७ जसै मनिसले आफ्नो मनमा विचार गर्छ, त्यस्तै ऊ हुन्छ ।

२. वचनहरु – प्रकाश १२:११ तिनीहरुले थुमाको रगत र **आफ्ना गवाहीको वचनको** कारण त्यसलाई जितेका छन्, र तिनीहरुले मृत्युसम्मै पनि आफ्नो  ज्यानको माया राखेनन् ।

३. विश्वासहरु – मत्ती ९:२९ तिमीहरुको विश्वासअनुसार तिमीहरुलाई होस् ।

४. कार्यहरु – दानिएल ११:३२ करार भङ्ग गर्नेहरुलाई त्यसले झूठो प्रशंसे गरेर भ्रष्ट पार्नेछ, **तर आफ्ना परमेश्वरलाई चिन्नेहरुले दृढतासाथ त्यसको विरोध गर्नेछन्** ।

५. बानीहरु – परिस्थिति प्रति व्यवहार गर्ने प्रचलित तरीका वा र प्रतिकृया जनाउँने तरीका ।

६. चरित्र – व्यक्तिले लगातार साच्ने, अनुभव गर्ने र व्यवहार गर्ने तरीका ।

७. गन्तव्य – विश्वास, बानी र चरित्रले व्यक्तिको भविष्यलाई निर्धारीत गर्दछ ।